# फरक मत

१. **जातीय, भाषिक वा सांस्कृतिक प्रादेशिक स्वशासनः**

(क) भावी संघीय राज्य पुनः संरचनाको मुख्य आधार जातीय, भाषिक वा सांस्कृतिक प्रादेशिक क्षेत्र नै हुने भएकाले,

(ख) नेकपा (माओवादी, एमाले) जनमोर्चा, बाममोर्चा, सद्भावना दल र ३७ प्रतिशत आदिबासी जनजाति लगायत दलित एवं मेधशी समुदायको सुझाव आएकोले ।

(ग) अन्तरिम संविधानले भावी संविधानको लागि मार्ग निर्देश गर्न पर्ने भएकाले ।

२. **राष्ट्रिय जनावर गाई राख्न नहुनेः**

(क) नेपालका ३७ प्रतिशत जनसंख्या भएको आदिबासी, जनजातीहरुको सामाजिक, साँस्कृतिक मर्यादा र परम्परामा गम्भीर असर परेकाले,

(ख) आज पनि आदिबासी, जनजातिहरुले मुद्धा खेप्न र जेलमा बस्न बाध्य हुनुपरेकोले ।

(ख) कुनै जाति वा सम्प्रदायको सामाजिक तथा साँस्कृतिक जीवन पद्दतीमा असर नपर्ने नेपालमा पाईने दुर्लभ जनावरलाई राष्ट्रिय जनावर बनाईनु पर्ने ।

३. **आम निर्णयको अधिकार**:

**(क)** नेपालको उत्पिडित वर्ग, जाति, एवं लैंङ्गिक तथा क्षेत्रीय असमानता र अविकासको जड कारण ती जाति वा क्षेत्रका जनतालाई आफ्नो जाति वा क्षेत्रको स्वनिर्णयको आधारमा विकास र प्रशासन गर्ने अधिकार नदिनु हो । त्यसैले विभिन्न जाती वा क्षेत्रका जनतालाई आफ्नो हकमा आफैंले निर्णय गर्न पाउने आत्म निर्णयको अधिकार दिनु र तलैबाट जनतालाई सार्वभौमसत्ता र राजकीय सत्ताको अभ्यास गर्न दिन जरुरी भएकोले ।

(ख) नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी १६ डिसेम्बर १९६६ को अन्तर्राष्ट्रिय अनुबन्ध एवं मानव अधिकार सम्बन्धी भियना विश्व सम्मेलन १९९३ लगायतका अन्तर्राष्ट्रिय अनुबन्ध सम्मेलनहरुले विभिन्न जाती तथा क्षेत्रका जनतालाई आत्म निर्णयको अधिकार दिएकाले ।

(ग) सो अन्तर्राष्ट्रिय अनुवन्धहरूको नेपाल पनि पक्ष राष्ट्र भएकोले ।

४. **प्रादेशिक संघीय गणतन्त्र**: (१) विगत आधा शताब्दीदेखि नेपाली जनताले चलाएको जनक्रान्ति र २०६२।६३ को जनआन्दोलनको मुख्य म्याण्डेट सामन्तवादको अन्त्य र संघीय गणतन्त्र नै भएकोले ।

(२) अधिकारविहीन राजाको औचित्य समाप्त भइसकेकोले

(३) प्रतिनिधि सभाको २०६३ जेष्ठ ४ गतेको घोषणाको दफा ५ ले कानूनको अधीनमा लगिसकेकोले राजाबारे संविधानमा बोल्न नपर्ने ।

**क्रान्तिकारी भूमिसुधार :**

क)	भूमिका रहेको द्वैध स्वामित्वको अन्त्य गरी आर्थिक तथा सामाजिक न्याय कायम गर्नु पर्ने भएकाले,

(ख)	को का लागि ‘जस्को जोत, उस्को पोत’ को सिद्धान्तका आधारमा सामन्ति भू-स्वामित्वको अन्त्य गरी मेहनतकस भूमिहिन किसानलाई वितरण गर्न जरुरी भएकोले,

(ग)	सामन्ति भूमिका कारण मुलुकको धेरै भूमि अनुत्पादक स्थितिमा रहेकाले त्यस्ता भूमिलाई उत्पादनशील भूमिमा परिणत गर्नु पर्ने भएकोले,

(घ)	कृषिमा सहकारीकरण र औद्योगिकीकरण गर्न आवश्यक भएकोले ।

**सेना :**

(क)	विद्यमान सशस्त्र द्वन्दको अन्त्य नेपाली जनताको एक मात्र चाहना भएकाले,

(ख)	साझा संयन्त्रका आधारमा मात्र दुबै सेनालाई व्यवस्थि तगर्न सकिने भएकाले,

(ग)	ने.क.पा.(माओवादी) शान्ति वार्तामा कृयाशिल दल आफै यस्तो साझा सन्यत्र द्वारा सेनाको समस्या हल गर्न तयार भएकाले,

(घ)	विद्यमान ‘नेपाली सेना’ नेपाल सरकारको भरपर्दो सेना हुन नसकेको तथा त्यहाँभित्र समावेशी र लोकतान्त्रिकरण गर्न जरुरी भएकाले,

(ङ)	यो सरकार माओवादी वीचको ५ बुँदे सहमतिको आधार भएकाले ।

| ........................ | ........................ | ........................ |
|---|---|---|
| खिमलाल देवकोटा | शुशिला कार्की | शान्ति राई |

| .................. | ................................... | ................................. |
|---|---|---|
| परशुराम झा | कुमार योञ्जन तामाङ्ग | चण्डेश्वर श्रेष्ठ |